**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार**
**उच्चायुक्तको कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति -२०६४ असोज २**

---

## उच्चायुक्तको कार्यालय-नेपालका प्रतिनिधिद्वारा कपिलवस्तुस्थित हिंसाग्रस्त क्षेत्रको भ्रमण

मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले आइतबार एक स्थानीय नेताको हत्यापछि कपिलवस्तु जिल्लामा भएको दङ्गाले ग्रस्त शिवपुर र चन्द्रौटा गाउँको बुधबार बिहान भ्रमण गर्नुभयो।

> "म पीडितहरूलाई भेट्न र विगत तीन दिनमा भएको क्षतिको परिमाण हेर्न, हिंसापीडितहरूप्रति समर्थन देखाउन तथा तात्कालिक मानवीय आवश्यकताबारे सोधपुछ गर्न आफैं यहाँ आएको छु", श्री बेनेटले भन्नुभयो।

उच्चायुक्तको कार्यालयले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन)सँग मिलेर तेस्रो दिन सो क्षेत्रमा स्थितिको अनुगमन गरिरहेको छ। श्री बेनेटले उच्चायुक्तको कार्यालयले यो साता सो क्षेत्रमा भएका घटनाबारे पूर्ण अनुसन्धान गरी प्रतिवेदन गर्नसक्ने गरी स्थलगत अनुगमनकर्ताहरूलाई सहयोग गर्न स्थानीय जनतालाई आह्वान गर्नुभयो।

> "आज मैले कुरा गरेका मानिसहरू तात्कालिक राहतको अभाव रहेकोमा निराश थिए। उनीहरूले सुरक्षित अवस्थामा तथा स्वतन्त्रतापूर्वक बाँच्न पाउने बलियो इच्छा पनि व्यक्त गरे। सरकारले न्यायको पहुँच भएको सुरक्षित वातावरण सिर्जना गर्न आफ्नो अधिकार प्रयोग गर्नैपर्छ । त्यसैगरी,, सौहार्दताको पक्षमा बुटवलमा भएका जुलुसहरूले देखाएजस्तै, सहिष्णुताको वातावरण बनाउन तथा स्थायित्वलाई थप बल दिन स्थानीय समुदायको नेतृत्वले महत्त्वपूर्ण भूमिका खेल्नसक्छ", श्री बेनेटले भन्नुभयो।

उच्चायुक्तका प्रतिनिधिले कर्फ्युको पालना गर्न, हिंसामा नलाग्न तथा खासगरी धार्मिक स्थलहरूको सम्मान गर्न उच्चायुक्तको कार्यालय-नेपालले गरेको आग्रहलाई दोहऱ्याउनुभयो। "थप हिंसाले शान्ति प्रक्रियालाई जोखिममा मात्र पार्दछ", श्री बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, ext 321 or (+977) 98510 16922 (mobile), Website: http//:nepal.ohchr.org